# नमूना (पाइलट) जनगणना २०७६ मा सहभागिताका लागि
# नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभागको अनुरोध

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

## नमुना (पाइलट) जनगणना २०७६ के हो र किन सञ्चालन गरिदैछ ?

वि.स. २०७८ सालको जेष्ठ-आषाढ महिनामा सञ्चालन गरिने राष्ट्रिय जनगणना २०७८ को पूर्वअभ्यासको लागि यो नमूना (पाइलट) जनगणना सञ्चालन गरिदैछ। अर्न्तराष्ट्रिय प्रचलन अनुसार मूलगणनाको सबै चरण: व्यवस्थापकीय तथा प्राविधिक पक्ष – प्रश्नावलीको उपयूक्तता, प्रश्नको भाषा र बुझाई, विवरण भर्न लाग्ने समय, संलग्न हुने जनशक्तिको अनुमान र योग्यता, जनगणना तयारीका अन्य कार्यहरु लगायतका कुराहरुको परीक्षण गर्नको लागि नमुना (पाइलट) गणना गरिन्छ।

## ➢ यो कहिले सञ्चालन गरिदैछ ?

नमुना (पाइलट) जनगणना २०७६ को पहिलो चरणमा घर तथा घरपरिवारको सूचिकरण कार्य यहि सालको फागुन ९ गते देखि २८ गते सम्म र दोश्रो चरणमा बिस्तृत विवरण संकलन कार्य चैत्र ९ गते देखि २३ गतेसम्म सञ्चालन गरिदैछ।

## ➢ यो कुन कुन ठाउँमा सञ्चालन गरिदैछ ?

यो देशभरका सातै प्रदेशको प्रतिनिधित्व हुने गरी छानिएका चौध जिल्लाका ५५ वडाहरूबाट छानिएका ६० वटा गणना क्षेत्रमा सञ्चालन गरिदैछ।

## ➢ यो पाइलट गणनामा तपाईको घरदैलोमा आउने कर्मचारीले के के सोध्छन् ?

नमूना (पाइलट) जनगणनाका लागि तपाईको घरदैलोमा दुई चरणमा दुई प्रकारका कर्मचारी आउछन्। पहिलो चरणमा आउने सुपरिवेक्षकले तपाईको घरको र परिवारको सूची तयार गर्छन्। यस क्रममा नीजले तपाई समेत एउटै भान्सामा खाने गरेका र धेरैजसो सँगै बस्दै आएका परिवारका सदस्य कति जना छन् तपाईको परिवारले कृषि तथा पशुपालन कार्य गरेको भएमा सो सम्बन्धी विवरण संकलन गर्छन् र बिस्तृत गणनाको लागि गणक आउने अनुमानित मिति दिएर जान्छन्।

त्यसैगरी दोस्रो चरणमा आउने गणकले तपाईको परिवारका अक्सर बसोबास गरिरहेका प्रत्येक व्यक्तिको नाम, थर, उमेर, लिङ्ग, जातजाति, भाषा, धर्म, शिक्षा, वैवाहिक स्थिति जस्ता जनसांख्यिक तथा सामाजिक विवरणका अतिरिक्त काम गर्ने उमेर समूहका हरेक व्यक्तिको आर्थिक क्रियाकलाप सम्वन्धी विवरणहरु संकलन

गर्छन् । दोस्रो चरण अन्तरगत नै सुपरिवेक्षकले सम्बन्धित वडाबाट सामुदायीक प्रश्नावलीमार्फत् वडाको आधारभूत विवरण संकलन गर्छन् ।

## ➢ तपाईका व्यक्तिगत विवरणको गोपनियता कसरी कायम गरिएको हुन्छ ?

यस नमुना (पाइलट) जनगणना तथा जनगणनामा संकलन गरिने विवरणहरु कुनै पनि कर प्रयोजन तथा अन्य कानूनी प्रमाणको रुपमा प्रयोग हुदैनन् । तथ्याङ्क ऐन २०१५ तथा राष्ट्रिय जनगणना सञ्चालन तथा व्यवस्थापन आदेश, २०७६ ले व्यक्तिगत तथ्याङ्कको गोपनियताको प्रत्याभूती गरेको हुँदा निर्धक्क भई सोधिएका प्रश्नहरुको सही जवाफ दिनु सबै उत्तरदाताको दायित्व अर्न्तरगत पर्दछ ।

## ➢ जनगणनाको महत्व के छ ?

केन्द्रीय तथ्याङ्क विभागले २०६८ सालमा एघारौं जनगणना सम्पन्न गरेको थियो । वि.स. २०७८ सालको जेष्ठ-आषाढ महिनामा सञ्चालन गरिने राष्ट्रिय जनगणना २०७८ नेपालको जनगणनाको इतिहासमा ११० बर्षमा गर्न लागिएको बाह्रौं जनगणना हो । जनगणनाले मुलुकको जनसंख्याको आकार, वनावट, वितरण र वृद्धि सम्बन्धी तथ्याङ्क उपलब्ध गराउँदछ । यसबाट नै नेपालको सबैभन्दा सानो प्रशासनिक एकाइ– वडातह सम्मको जनसांख्यिक, आर्थिक र सामाजिक क्षेत्रको आधार तथ्याङ्क प्राप्त हुने भएकोले विकास निर्माणका काम तथा लक्षित कार्यक्रमहरु तर्जुमा तथा संचालन गर्न आवश्यक पर्ने अति उपयोगी सूचना प्राप्त हुन्छ । त्यसैले बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिंचाई, खाद्यान्न आपूर्ति, बसोवास व्यवस्था, विकास बजेटको बाँडफाँड र मानव विकास प्रक्रियामा पछाडि परेका समुदायको उत्थानका तथा सामाजिक सुरक्षाका कार्यक्रमहरु आदि सञ्चालन गर्न आवशयक पर्ने तथ्याङ्क समेत जनगणनाबाट प्राप्त हुने भएकोले यसको ठूलो महत्व छ ।

## ➢ <u>सहयोगको लागि अनुरोधः</u>

नमुना (पाइलट) जनगणना २०७६ को लागि खटिएर आउने कर्मचारीलाई आफ्नो घर तथा आफ्ना परिवारका सदस्यको सही विवरण दिई सहयोग गर्ने तथा नमुना (पाइलट) जनगणनाबारे आफ्नो टोलवासी, छिमेकी र साथीभाईहरुलाई गणनामा सहभागी हुन जानकारी दिई यस नमुना (पाइलट) जनगणनालाई सफल पार्न नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग सबैलाई हार्दिक अनुरोध गर्दछ ।